# Flash Flood का बेला रिपोर्टिङ: सुरक्षा सम्बन्धी महत्वपूर्ण सुझाव

WhatsApp मा CPJ को सुरक्षा च्याटबट प्रयोग गर्नुहोस्: +1 206 590 6191

CPJ

## जोखिमका बारेमा बुझ्नुहोस्

- हिमताल विस्फोटका कारण आउने बाढी नेपालजस्ता हिमाली तथा हिमनदीबाट पानी आपूर्ति हुने क्षेत्रमा बढ्दो चिन्ताको विषय हो। पग्लदैं गएका हिमनदीले अस्थाइ तालहरू बनाउँछन्, जुन कुनै पनि बेला फुट्न सक्छन्।

- यस्तो अवस्थामा Flash flood कुनै पूर्वसूचना बिना आउन सक्छ र यस्तो बेलामा पानी सँगै माटो, गेग्रान आदी अत्यन्त तीव्र गतिमा तथा निकै शक्तिशाली बहावका साथ बग्न सक्छ, जुन विनाशकारी हुन्छ ।

## आफुलाई आवश्यक पर्ने सम्पुर्ण सामग्री साथमा राख्नुहोस्

- यस्तो बेलामा नजिकै कुनै बैंक तथा एटीएम पनि नपाइने भएकाले, आपत्कालीन अवस्थाका लागि पर्याप्त नगद साथमा राख्नुहोस्।
- कम्तीमा एक दिनका लागि पुग्ने ४ लिटर पानी साथमा राख्नुहोस्।
- मास्क, ह्यान्ड स्यानिटाइजर र पञ्जाजस्ता आधारभूत सरसफाइ सामग्री साथमा राख्नुहोस्।
- रिपोर्टिङका उपकरण तथा अत्यावश्यक सामग्रीलाई वाटरप्रुफ झोलामा राख्नुहोस्।

CPJ

## सम्पर्कमा रहनुहोस्

- नियमित सञ्चारको लागि वैकल्पिक व्यवस्था साथमा राख्नुहोस् जस्तै- पावर बैंक, एकभन्दा बढी सिम कार्ड र सामान्य किप्याड फोन।
- स्थानीय विद्धुत तथा दूरसञ्चार नेटवर्क अवरुद्ध हुन सक्छन्। नेटवर्क नभएका वा इन्टरनेट नचल्ने क्षेत्रमा रिपोर्टिङ गर्दा थप सतर्क रहनुहोस्।
- सम्भव भएमा स्याटेलाइट फोन वा स्याटेलाइट इन्टरनेट उपकरणको व्यवस्था गर्नु उचित हुन्छ।

# यदि अवस्था थप जटिल भएमा

- तपाईंको गाडी बाढीले हिलो भएको क्षेत्रमा फसेमा तुरुन्तै गाडीबाट बाहिर निस्कनुहोस्, अग्लो स्थानमा जानुहोस् र सबैभन्दा पहिले आफ्नो उद्धार गर्नुहोस्।
- रिपोर्टिङका क्रममा आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता दिनुहोस्।
- सम्भव भएसम्म, उच्च जोखिम भएको क्षेत्रमा प्रवेश गर्नुअघि स्थानीय आपत्कालीन उद्धार टिम तथा स्थानिय अधिकारीहरूलाई जानकारी दिनुहोस्।
- आपत्कालीन उद्धारकर्मीहरू पुग्नुअघि नै तपाईंले बाढीका पीडितहरू फेला पार्न सक्नुहुन्छ। यस्तो अवस्थामा अधिकारीहरूलाई कसरी जानकारी गराउने र परिस्थितिलाई कसरी व्यवस्थापन गर्ने भन्ने योजना पहिले नै बनाउनुहोस्।

## जिम्मेवारीपूर्वक रिपोर्टिङ्ग गर्नुहोस्

- पत्रकारिताको आचारसंहिता पालना गर्नुहोस् र बाढीका कारण भएका मृत्यु तथा क्षतिको रिपोर्टिङ गर्दा संवेदनशीलता अपनाउनुहोस्।
- अत्यन्त आवश्यकभन्दा अरु समयमा उच्च जोखिमयुक्त क्षेत्रमा नबस्नुहोस्।
- रिपोर्टिङका क्रममा पर्याप्त पानी पिउनुहोस् र खाना खानुहोस् ।
- जोखिमपूर्ण अवस्थामा आफ्नो सुरक्षाको ख्याल गर्दै केही समयका लागि सुरक्षित स्थानमा गएर पछि रिपोर्टिङ्ग पुन सुरु गर्नु ठिक हुन्छ।

*Flood* रिपोर्टिङ: पत्रकार सुरक्षा सुझाव

# आपत्कालीन सम्पर्कहरू (1/2)

## जिल्ला आपत्कालीन सञ्चालन केन्द्र (DEOC) हटलाइन: १२३४

| जिल्ला | CDO | सहायक CDO | नेपाल प्रहरी | APF |
|---|---|---|---|---|
| रसुवा | ९८५१२७७७७७ | ९८५११६४४२२ | ९८५१२८२८०१ | ९८५१२७२२७५ |
| नुवाकोट | ९८५११४७७७७ | ९८५१२४८७७७ | ९८५१२८२८११ | ९८५१२७२५३५ |
| धादिङ | ९८५१२४७७७७ | ९८५११९६१३१ | ९८५१११३९२१ | ९८५१२७२४९१ |

# आपत्कालीन सम्पर्कहरू (2/2)

## जिल्ला आपत्कालीन सञ्चालन केन्द्र (DEOC) हटलाइन: १२३४

| जिल्ला | CDO | सहायक CDO | नेपाल प्रहरी | APF |
|---|---|---|---|---|
| **चितवन** | ९८५५०१७७७७ | ९८५५०८८८९१ | ९८५५०९०१३३ | ९८५१२७२१३४ |
| **गोरखा** | ९८५६०५७७७७ | ९८५६०५७७७८ | ९८५६०९०२५५ | ९८५१२७२२७१ |
| **तनहुँ** | ९८५६०६७७७७ | ९८५६०००१११ | ९८५६०९०१७८ | ९८५१२७२०९९ |

CPJ

## मिडिया सपोर्ट संस्थाहरु

- Federation of Nepali Journalists (FNJ), काठमाडौं: 01-5914785
- FNJ, बागमती प्रदेश: 9851182313 (काजी श्रेष्ठ)
- Freedom Forum: 01-4102030 / 4102022 / 9851122401 (नानु खड्का)
- Media Action Nepal: 01-5244164 (उमेश पोखरेल)
- Nepal Press Union: 9851055199 (शिव लम्साल)

## सवारीसाधन सञ्चालन

- पर्याप्त ग्राउन्ड क्लियरेन्स भएको, हेडलाइट राम्रोसँग काम गर्ने र राम्रो अवस्थामा रहेका अफरोड टायर भएको 4WD गाडी प्रयोग गर्नुहोस्।
- बाढी प्रभावित सडकमा तीव्र गतिमा गाडी नचलाउनुहोस्, विशेषगरी सडकको सतहमा वा सडकको आसपास पानी, हिलो वा भग्नावशेष देखिएमा सर्तक रहनुहोस्।
- आवश्यक इन्धन सन्चित गरि साथमा राख्नुहोस्, टायरको अवस्था चेक गर्नुहोस् र गाडीको मर्मतसम्भारसम्बन्धी कुनै समस्या भएमा पहिले नै चेक गरि मर्मत गर्नुहोस्।
- यात्रागर्नु पुर्व बाटोको अवस्थाबारे स्थानीय पदाधिकारी तथा नागरिकसँग पुर्व जानकारी लिनुहोस् ।

थप जानकारी:
https://cpj.org/resources-for-journalists-covering-the- environment-or-extreme-weather/

WhatsApp मा CPJ को सुरक्षा च्याटबट प्रयोग गर्नुहोस्: +1 206 590 6191

CPJ

*We thank Freedom Forum Nepal for their support in adding local context and translating this safety note.*